का.जि.प्र.का.द.नं. १००/०५९/६०


७ भदौ २०८०,
बिहीबार
24 August 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक २१० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



भारतले चन्द्रमाको दक्षिणी ध्रुवमा मानवरहित अन्तरिक्षयान (चन्द्रयान-३) सफल अवतरण गराउँदै इतिहास रचेको छ । सफल अवतरणसँगै चन्द्रमाको दक्षिणी ध्रुवमा पुग्ने पहिलो र सफलतापूर्वक चन्द्रमाको सतहमा पुग्ने चौथो देश भारत बनेको छ, तस्वीरः रोयटर्स । विस्तृत समाचार पृष्ठ ७ मा

**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा / चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् ।
यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिना दिनपछि हट्यो गतिरोध

## सुन तस्करीबारे जाँचबुझ आयोग बनाउने सहमति

जाँचबुझ आयोगको क्षेत्राधिकार सुन तस्करीजन्य कार्यको पूर्णरुपमा नियन्त्रण गर्ने मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र सुन तस्करी सम्बन्धमा भएका छानबिन अनुसन्धानबारे समेत अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेश गर्ने रहेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

गत साउन १० देखि अवरुद्ध हुँदै आएको संघीय संसद बुधबारबाट सञ्चालन भएको छ । सुन तस्करीबारे जाँचबुझ आयोग बनाउने दलहरुबीचको सहमतिपछि बैठक चलेको हो ।

एमालेले छानबिन आयोग बनाउने माग गरेर सदन अवरोध गर्दै आएको थियो । बुधबार प्रतिनिधिसभाको बैठक सुरु भएलगत्तै उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले प्रतिनिधिसभालाई सुनकाण्ड छानबिनका लागि उच्चस्तरीय आयोग बनाउने दलीय सहमतिको जानकारी गराएका थिए ।

संसदको अवरोध हटाउनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बोलाएको बैठकमा आगामी असोज ५ मा आयोग गठन गरी सोही दिनदेखि छानबिन आयोगले काम थाल्ने सहमति भएको हो ।

संघीय संसदमा उपस्थित राष्ट्रिय मान्यता प्राप्त दलहरूबीच संघीय संसद्मा जारी अवरोध हटाउने गरी भएको उक्त सहमतिको पहिलो बुँदामा साउन २ मा



विदेशबाट अवैध ढंगले पैठारी (तस्करी) गरिएको सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिर लगिरहेको अवस्थामा राजश्व अनुसन्धान विभागबाट बरामद गरेको घटनाको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अनुसन्धान, छानबिन गरिरहेकाले उसले नै संलग्न व्यक्तिहरूलाई अभियोजन गर्ने उल्लेख छ ।

सहमतिको दोस्रो बुँदामा विदेशबाट इलेक्ट्रिक सिगरेट (भेप्स) मा सुन राखी अवैध पैठारी (तस्करी) गरिएको, साउन २ मा ब्रेकसूमा राखी अवैध पैठारी (तस्करी) गरिएको सुन लगायत पटक-पटक सुन तस्करी भई मुलुकभित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र र निष्पक्ष छानबिन गर्न आयोग गठन गर्ने उल्लेख छ ।

आयोग असोज ५ मा गठन हुने र त्यसले तस्करीजन्य कार्यको पूर्ण रुपमा नियन्त्रण गर्न मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र सुन तस्करी सम्बन्धमा पृष्ठ २ मा

# कोशीमा एमालेले फेरि माग्यो परमादेश

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

कोशी प्रदेशमा परमादेश माग गर्दै एमाले रिट लिएर सर्वोच्च अदालत पुगेको छ । मुख्यमन्त्री उद्धव थापाले संविधान मिचेर विश्वासको मत लिएको दाबी गर्दै एमाले कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीसहितका नेता बुधबार सर्वोच्च अदालत गएका हुन् । नेता कार्कीले कोशी प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री थापा, ४ भदौका सभाध्यक्ष इस्राइल मन्सुरी, अध्यक्ष मण्डकी सदस्य गीता तिम्सिना र प्रदेशसभा सचिवालयलाई प्रतिवादी बनाएर रिट दर्ता गरेका हुन् ।

सोमबार मुख्यमन्त्री उद्धव थापाले प्रदेशसभाको अध्यक्षता गरिरहेका इस्राइल मन्सुरीको पनि मत लिएर विश्वासको मत पाएका थिए । विश्वासको मत लिँदा संविधानको उल्लंघन भएको दाबीसहित रिट दर्ता गरेको एमाले संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले बताए ।

जबरजस्ती विश्वासको मत पाएको घोषणा गरेकाले प्रदेश सभा नियमावली र संविधानको व्यवस्थालाई विपरीत भएको दाबी रिटमा गरिएको छ ।

भदौ ४ गते दिउँसो १ बजे प्रदेशसभा बैठक बोलाएर उपसभामुख सृजना दनुवार स्वास्थ्यको कारण देखाउँदै सोही दिन काठमाडौं गएपछि प्रदेशसभा बैठक अध्यक्ष मण्डलका सदस्य काग्रेसका प्रदेशसभा सदस्य इस्राइल मन्सुरीले सञ्चालन गरेका थिए । मुख्यमन्त्रीको विश्वासको मतसम्बन्धी प्रस्तावमा मत विभाजनपछि दिएको मत सच्याउने समयमा मन्सुरीले सभाध्यक्षको आसनमा माओवादी प्रदेशसभा सदस्य गीता तिम्सिनालाई बोलाएर मतदान गर्न गएका थिए ।

मन्सुरीसमेतको मतको आधारमा मुख्यमन्त्री थापाले ४७ मत प्राप्त गरी प्रदेशसभामा विश्वसको मत पाएका थिए । विपक्षमा ३० मत परेको थियो ।

रिटमा एमाले नेता कार्कीले आफूलाई मुख्यमन्त्री नियुक्तिका लागि परमादेश मागेका छन् । आफूलाई संविधानको धारा १६८ (३) अनुसार सबै भन्दा ठुलो दलको संसदीय पृष्ठ २ मा

# त्रिशुलीमा बस खस्दा ८ को मृत्यु



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

बुधबार बिहान पृथ्वी राजमार्ग धादिङ धादिङको गजुरी नजिकै बस दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार बस त्रिशुली नदीमा खसेको थियो । दुर्घटनमा परी १६ जना घाइते भएका थिए । त्यसमध्य १३ जनाको काठमाडौंमा र बाँकीको गजुरी सामुदायिक अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार मृतक आठमध्ये छ जनाको परिचय खुलेको छ । दुर्घटनामा पर्वतको जलजला गाउँपालिका-६ की राधिका सापकोटा र मोदी गाउँपालिका-५ का झ्यापट बहादुर क्षेत्रीको ज्यान गएको छ । यस्तै म्याग्दीको रघुगंगा-३ का थानबहादुर भण्डारी, पर्वतको मोदी-१ की कृतिका शर्मा पौडेल, धादिङको गजुरी-८ का सुशील रम्तेल र कास्कीको फुलबारी-११ का सुमन थापाको पनि ज्यान गएको छ ।

दुई जना महिलासहित छ जना पुरुषको दुर्घटनास्थलमै ज्यान गएको थियो । अब मृतक दुई जना पुरुषको परिचय खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

बुधबार बिहान काठमाडौंबाट म्याग्दीको बेनी हिडेंको धवलागिरी यातायातको बस धादिङको गजुरी नजिकै दुर्घटनामा परेको हो ।

## वैदेशिक रोजगार विशेष

### ओशो कन्सल्ट्यान्सीको ठगी धन्दा

# लाखौं कुम्ल्याएर सञ्चालक फरार

**सुरेन्द्र भण्डारी/रासस**
झापा, ६ भदौ

माल्टा, साइबेरिया, रोमानिया, पोल्याण्ड, कोरियालगायतका देशमा रोजगारी दिलाउने भन्दै ओशो वर्ल्ड कन्सल्ट्यान्सीले ७० जनाभन्दा धेरै व्यक्तिबाट लाखौं रुपैयाँ ठगी गरेको खुलेको छ । बिर्तामोडमा रहेको सो कन्सल्ट्यान्सीले प्रतिव्यक्ति ५० हजारदेखि पाँच लाख रुपैयाँसम्म ठगी गरेको र कन्सल्ट्यान्सी सञ्चालक फरार रहेको पीडितले बताएका छन् ।

शिवसताक्षी नगरपाालिकास्थित माइधार घर भएका पदम योङ्हाङसहित लक्ष्मीप्रसाद बराल (अञ्जान), धर्म तिम्सिना र अर्जुनधाराका लक्ष्मण घिमिरेले ७० जनाभन्दा बढी व्यक्तिबाट लाखौं रुपैयाँ ठगी गरेको अर्जुनधारा-६ निवासी चन्दा अधिकारीले बताइन् ।

श्रीमान दीपक अधिकारीलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै लक्ष्मण घिमिरे र लक्ष्मीप्रसाद बराल (अञ्जान)ले आफूहरूसँग तीन लाख ठगी गरेको अधिकारीले बताइन् । गत वर्ष भदौ ३० गते आफ्ना श्रीमानलाई माल्टा पठाउने भन्दै घिमिरेले आफूहरूसँग राहदानीसहित र एक लाख, चार महिनापछि पुसमा पुनः एक लाख, मेडिकल तथा प्रहरी रिपोर्टका लागि नौ हजार छ सय र चैत ३ गते वर्क पर्मिटका लागि भन्दै पुनः एक लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएको अधिकारीले जानकारी दिइन् । रकम लिएको तीन महिनामा माल्टा उडाउँछु पृष्ठ २ मा

### वैदेशिक रोजगारीका लागि सप्तरीमा राहदानी बनाउनेको भिड ठगी पनि उत्तिकै

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ६ भदौ

जिल्ला प्रशासन कार्यालय सप्तरीमा वैदेशिक रोजगारीमा जाने उद्देश्यले राहदानी बनाउनेको भिड लाग्ने गरेको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीमा हाल दैनिक दर्जनौं युवाहरू राहदानी आवेदनसहित लाइनमा बसिरहेका छन् ।

वैदेशिक रोजगारीमा जानका लागि दैनिक ४० जनासम्म पृष्ठ २ मा

# सांसद विकास कोष कार्यक्रम कार्यान्वयनमा रोक

सांसदको तजबिजमा कार्यक्रम छनोट गर्ने विधिमै सर्वोच्चले प्रश्न उठाएको छ । यो कार्यक्रममा सरकारी कोषको रकम खर्च गर्दा अपनाउनुपर्ने पारदर्शिता र जवाफदेहितासम्बन्धी विषय विचारणीय रहेको पनि सर्वोच्चले उल्लेख गरेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ भदौ ।

सांसद विकास कोष कार्यक्रमका रुपमा चिनिँदै आएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा रोक लागेको छ ।

सर्वोच्च अदालतले संघीय सरकारको चालु आर्थिक वर्ष २०८०/०८१ को बजेटमा व्यवस्था भएको प्रतिनिधिसभा र सबै प्रदेश सभाका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरु कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । यो संगै सांसद विकास कोष कार्यक्रम कार्यान्वयनमा रोक लागेको छ ।

बुधबार सर्वोच्च अदालतको संवैधानिक इजलासले आदेश यस्तो आदेश जारी गरेको हो । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउत रहेको उक्त संवैधानिक इजलासले उक्त कार्यक्रम रोक्न माग गर्दै परेको रिटमा सुनुवाइ गर्दै उक्त कार्यक्रमका व्यवस्थाहरु कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

आदेशमा भनिएको छ, 'संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० को रूपमा पारित आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाकार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरु तथा ती व्यवस्थाहरूको लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू/नगराउनू ।'

अधिवक्ता त्रिलोकबहादुर चन्द समेतले यसरी निर्वाचन क्षेत्रमा बजेट छुट्याउनु संविधान र कानून विपरीत हुने भन्दै सर्वोच्चमा रिट दिएका थिए । सोही रिटको सुनुवाइ गर्दै संवैधानिक इजलासले यस्तो आदेश दिएको हो ।

सर्वोच्च अदालतले यस मुद्दामा संघीय सरकार र प्रदेश सरकारसँग पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# प्रज्ञा प्रतिष्ठानको ४०औं प्राज्ञसभा शुरु




**काठमाडौं/मस**-चालु आर्थिक वर्षका लागि कार्यक्रम र बजेट पारित गर्न नेपाल प्रज्ञा प्रतिष्ठानको ४० औं प्राज्ञ सभाको उद्घाटन सत्र सम्पन्न भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवम् प्रज्ञा-प्रतिष्ठानका संरक्षक सुदन किरातीका पिता हर्कबहादुर राई कीर्तिशेष भएकाले प्राज्ञसभामा संस्कृति मन्त्री उपस्थित हुन सकेनन् । यस शोकको दुःखद घडीमा उनका पिताप्रति हार्दिक श्रद्धाञ्जली तथा मन्त्री किरातीलगायत परिवारजनमा प्राज्ञ सभाले गहिरो समवेदना प्रकट गरेको थियो ।

प्रतिष्ठानका पूर्व कुलपति बैरागी काइँलाले शुभारम्भ गरेको सो सभामा प्राज्ञ परिषद्वारा पारित भएका कार्यसूची र निर्णय अनुमोदन गरिने भएको छ । सभामा आर्थिक वर्ष २०७९/८० को कार्यक्रम तथा बजेटको वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ कार्यक्रम तथा बजेट अनुमोदन, प्रतिष्ठानको नियमावली, २०६७, कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली, २०७७ र आर्थिक प्रशासन नियमावली, २०७९ का केही नियममा समसामयिक संशोधनका कार्यसूची रहेका छन् । पूर्व कुलपति काइँलाले राज्यले प्राज्ञिक निकायलाई पर्याप्त बजेट नदिएर उपेक्षा गर्ने गरेको बताए । उनले बजेट वृद्धिका लागि प्रतिष्ठानका कुलपति र सदस्य सचिव मन्त्रालयका उपसचिव तथा सहसचिवको कार्यकक्षमा धाउनुपर्ने बाध्यता आफूहरूले पनि व्यहोरेको बताए ।

प्रतिष्ठानका कुलपति भूपाल राईले 'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने उद्घोषसहित आफूहरूले कार्यप्रारम्भ गरेको उल्लेख गर्दै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकापछि प्राज्ञिक क्षेत्रलाई प्राथमिकता दिनुपर्ने प्रस्ताव गरे । राजनीतिज्ञ र कर्मचारीतन्त्रले प्राज्ञिक क्षेत्रलाई महत्त्व नदिएको गुनासो गर्दै उनले ज्ञान र विचारको विकेन्द्रीकरण गर्ने पक्षमा आफूहरू अग्रसर रहेको उल्लेख गरे । भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरले सबै राष्ट्रभाषाको प्रज्ञा-प्रतिष्ठान हो भन्ने मान्यता र सोचलाई आत्मसात् गरेर काम गर्न सुझाव दिए । नेपाल संगीत तथा नाट्य प्रज्ञा -प्रतिष्ठानका कुलपति निशा शर्माले प्रज्ञा- प्रतिष्ठानलाई व्यवस्थित रूपमा सञ्चालन गर्न कानुन संशोधन हुनुपर्नेमा जोड दिएकी थिइन् भने ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले तीनवटै प्रज्ञा-प्रतिष्ठानबिच सहकार्य हुनुपर्ने आवश्यकता औंल्याएका थिए। स्वागत मन्तव्यका क्रममा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले प्राज्ञिक क्षेत्रमा महत्वपूर्ण काम गर्ने बताए। कार्यक्रमको सञ्चालनका क्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले प्रज्ञा-प्रतिष्ठानलाई समावेशी चरित्रको बनाउँदै सबैलाई समेट्ने बताए । कार्यक्रममा प्रतिष्ठानको नयाँ प्रकाशन 'समाज अनुसन्धान' पत्रिका विमोचन गरिएको थियो । यस पत्रिकाको प्रधान सम्पादकमा प्राज्ञ परिषद् सदस्य तथा सामाजिक शास्त्र विभाग प्रमुख डा.कौशिला रिसाल, सम्पादन मण्डलमा प्राज्ञ सभा सदस्यद्वय नारायणप्रसाद मरासिनी र नवीन जिरेल, गोकुल पोखरेल,प्रकाश थापा मगर, सरोजदिलु र कार्यकारी सम्पादकमा नारायण शर्मा रहेका थिए ।

# वैदेशिक रोजगारीका नाममा ठगी, तीन जना पक्राउ

**काठमाडौं/मस**-वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठगी गरी फरार तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा कालीकोट तिलागुफा नगरपालिका-३ घर भइ हाल काठमाडौंको कीर्तिपुर बस्ने ५२ वर्षीय विष्णुऋषि पाण्डे, सर्लाहीको लालबन्दी-२ का सुमन बुढाथोकी र इलामको सूर्योदय नगरपालिका-१४ घर भइ हाल काठमाडौंको कागेश्वरी मनोहरा बस्ने ३० वर्षीय छविलाल अधिकारी रहेका छन् । तिलागुफाका पाण्डेले तिर्थबहादुर थापाबाट वैदेशिक रोजगारीका लागि इटाली पठाइदिन्छु र ८ लाख रुपैयाँ लाग्ने भन्दै चार लाख २४ हजार रुपैयाँ लिएका थिए । इटाली पुगेपछि पेट्रोल पम्पमा काम लगाइदिने र मासिक एक लाख तलब हुन्छ भनी पटकपटक गरी ४ लाख २५ हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएपछि पाण्डेविरुद्ध वैदेशिक रोजगार विभागले प्रहरीलाई पक्राउ गरिदिन अनुरोध गरेको थियो ।

विभागको पत्राचारअनुसार खोजतालस गर्ने क्रममा पाण्डेलाई मंगलबार दिउँसो ३ बजे कीर्तिपुरबाट पक्राउ गरी अनुसन्धानका लागि विभागमा बुझाइएको प्रहरीले बताएको छ । सर्लाहीको लालबन्दी नगरपालिका-२ घर भइ हाल भक्तपुरको सूर्यविनायक नगरपालिका-४ दधिकोट बस्ने २७ वर्षीय सुमन बुढाथोकीसहित दुई जनाले विनोद श्रेष्ठलाई वैदेशिक रोजगारीका लागि सर्बिया पठाइदिन्छु भन्दै प्रतिव्यक्ति ६ लाख ५० हजार रुपैयाँ लाग्ने र त्यहाँ पुगेपछि ५० हजारभन्दा धेरै तलब हुन्छ भन्दै पटकपटक गरी पीडितबाट एक लाख ५० हजार रुपैयाँ लिएर फरार भएका थिए। पीडितले विभागमा उजुरी दिएपछि उनीहरुलाई पक्राउका लागि विभागले प्रहरीलाई पत्राचार गरेको थियो। विभागको पत्राचारपछि सुमन बुढाथोकीसहित इलामका छविलाल अधिकारीलाई बुधबार दिउँसो २ बजे सामाखुसीबाट पक्राउ गरिएको हो । पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागमा पठाइएको छ।

## महिना...

भएका छानबिन अनुसन्धानबारे समेत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश उल्लेख छ ।

जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम २०८० असोज ५ गते सरकारले आयोग गठन गरी त्यसै दिनदेखि आयोगले कार्य प्रारम्भ गर्ने भनिएको छ। सहमतिपत्रमा कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, एमाले प्रमुख सचेतक पदम गिरी, माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, रास्वपाका प्रमुख सचेतक सन्तोष परियार, राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाही, जसपाका प्रमुख सचेतक प्रदीप यादव र जनमतका प्रमुख सचेतक अब्दुल खानले हस्ताक्षर गरेका छन् ।

## कोशीमा...

दलको नेताको हैसियतमा मुख्यमन्त्री नियुक्तिको परमादेश दिइनुपर्ने उनको माग छ ।

संविधानको धारा १६८ (३) मा १६८ (२) अनुसार नियुक्त मुख्यमन्त्रीले विश्वासको मत नपाएमा पदमुक्त हुने र प्रदेशसभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । ९३ सदस्यीय कोशी प्रदेशसभामा ४० सिटसहित एमाले सबैभन्दा ठूलो दल हो र कार्की संसदीय दलका नेता हुन् ।

कार्कीले रिटमा लेखेका छन्, '...संविधानको धारा १६ (३) बमोजिम प्रदेशसभाको सबैभन्दा ठूलो संसदीय दलको नेताको हैसियतले मुख्यमन्त्रीमा नियुक्त हुन पाउने मेरो संवैधानिक अधिकार नै भएकाले प्रत्यर्थी प्रदेश प्रमुखलाई नेपालको संविधानको धारा १६८ को ३ बमोजिम निवेदकलाई मुख्यमन्त्री नियुक्त गर्नु गराउनु भनी परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउँ ।'

पहिलो पटक २१ असारमा थापाले मुख्यमन्त्रीमा दाबी पेश गर्दा तत्कालिन सभामुख बाबुराम गौतमको पनि समर्थन रहेको हस्ताक्षर प्रदेश प्रमुख कार्यालयमा बुझाएका थिए । त्यही आधारमा थापा मुख्यमन्त्री नियुक्त भएपछि कार्कीले सर्वोच्चमा रिट दिएका थिए । त्यस रिटमा सुनुवाइ गर्दै सर्वोच्चले ११ साउनमा थापाको नियुक्ति बदर गरिदिएको थियो ।

प्रदेशसभामा अध्यक्षता गरेको व्यक्तिले विश्वासको मत दिनु र त्यस आधारमा निर्णय लिइनु संवधान विपरित रहेको एमालेको दाबी छ । साथसाथै, एमाले दलका नेता कार्कीले मुख्यमन्त्री उद्धव थापालाई अदालतको अवहेलना मुद्दामा हदैसम्मको कारवाही गर्न पनि माग गरेका छन् ।

## ओशो ...

भन्ने घिमिरेले पछि आफूले माल्टा पठाउन नसकेको र काठमाडौंमा रहेका सरसँग कुरा गर्नु भन्दै अञ्जानसँग सम्पर्क गराएको पीडित अधिकारीले बताइन् । उनले भनिन्, 'काठमाडौंबाट सर आउनुभएको छ भन्दै घिमिरेले पुस ४ गते अञ्जानसँग भेट गराएको र पुसमा पुनः दोस्रो पटक मेडिकल गराएर फागुनको अन्तिमतिर एग्रिमेन्ट पेपर दिँदै विश्वास दिलाएर पुनः एक लाख रुपैयाँ चैत ३ गते दिएका हौं । योसहित उनीहरूले हामीलाई ठगेको तीन लाख नौ हजार छ सय पुगेको हो ।' वर्क पर्मिटका लागि तत्काल पैसा चाहिने भन्दै अञ्जानले आफूहरूसँग रकम मागेबमोजिमको एक लाख रुपैयाँ रकम प्रदान गरेको र राहदानीको मितिसमेत सकिन लागेकाले नयाँ राहदानी बनाएको अधिकारीको भनाइ छ ।

'सन् २०२४ मा श्रीमानको राहदानीको मिति सकिँदै थियो,' अधिकारीले भनिन्, 'हतारहतार गर्दै नयाँ राहदानी बनाएर अञ्जानलाई जिम्मा लगायौं। राहदानी लगेसँगै अञ्जान बेपत्ता बने । हामी अहिले ऋणले घरको न घाटको भएका छौं। सयकडा तीन रुपैयाँ ब्याजले पैसा खोजेको थियो । अहिले दिनहुँ साहु घरमै आएर पैसा माग्छन् । न साँवा तिर्न सकियो न ब्याज तिर्न सकियो । हाम्रो त उठिबास नै लाग्यो ।'

घिमिरे र बरालले आफूहरूलाई ठगी गर्दै उठिबास लगाएसँगै न्यायको खोजीमा पटक-पटक जिल्ला प्रशासन कार्यालय झापा, जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय अनारमनी धाएको बताउँदै अधिकारीले भनिन्, 'हाम्रो आवाज कसैले सुनेन । अनि मिडिया गुहारेका हौं हामीलाई अन्याय भएको लेखिदिनुपर्‍यो । श्रीमानलाई विदेश पठाएसँगै जीविकोपार्जनमा सहज हुने कत्रो सपना थियो, अहिले ठगले हामीलाई न घरको बनाए न घाटको ।'

अधिकारीसँगै ठगिनेमध्येका शिवसताक्षी-१० का दीपककुमार कोइरालाको पनि व्यथा उस्तै छ । रोमानिया जाने सुन्दर सपना बोकेर ७० हजार रुपैयाँसहित कोइरालाले पनि राहदानी धर्म तिम्सिनालाई थमाए । तिम्सिनाले पनि कोइरालालाई 'हेड अफिस'को सर भन्दै उनै अञ्जान बरालसँग जोडाएका थिए । युरोपको काम हेर्न अञ्जान भएको र आफूले खाडी र मलेसियाको मात्रै काम हेर्ने भए पनि 'हामी दुवैले सहकार्य गरेर अफिस चलाएकाले तपाईंको रकम फस्दैन' भन्दै शुरुमा राहदानीसहित ५० हजार रुपैयाँ लिएको र पछि वर्क पर्मिटका लागि दुई सय युरो पठाउनुपर्छ भन्दै २० हजार लिएको कोइरालाको भनाइ छ ।

'हाम्रो एउटै गाउँ हो डराउनुपर्दैन, पहिला मेरो खगोल मेनपावर थियो अहिले युरोपको पनि काम हेर्न गरी यो म्यानपावर चलाएका हौं,' तिम्सिनाको भनाइ उद्धृत गर्दै कोइरालाले भने, 'तपाईंको वर्क पर्मिट साउन १५ गते आइसक्छ । भदौको पहिलो हप्ता दिल्ली जानुपर्छ तयारी अवस्थामा बस्नू ।' कोइरालाका अनुसार उनी अहिले एकाएक बेपत्ता बने । उनले भनेको वर्क पर्मिट पनि नक्कली हरेछ। घरमा जाँदा उनी भेटिँदैनन्। अफिस पनि महिनौंदेखि बन्द गरेर उनी फरार भएका छन् ।

यता कनकाई नगरपालिका-३ का अमित काफ्लेको पनि रोमानिया जाने योजना सपनामा परिणत भएको छ । उनलाई पनि सोही गिरोहले ठगी गरेको बताइएको छ । आफूले पनि अञ्जान बराललाई राहदानीसहित ५० हजार रुपैयाँ बुझाएको तर अहिले उनी एक वर्षदेखि सम्पर्कविहीन भएको काफ्लेको भनाइ छ। आफ्नै गाउँका भाइ सुसान भट्टराईमार्फत बरालसँग सम्पर्क भएको र बराललाई आफूले एनआइसी एसिया बैंकमार्फत रकम प्रदान गरेको काफ्लेको भनाइ छ । 'रोमानियाको हम्बोर्ड भन्ने कम्पनीबाट अफर लेटर आएको भन्दै सुरुमा मलाई त्यो लेटर देखाएर अल्मल्याइयो। पछि बुझ्दा त्यो नाम गरेको कम्पनी नै रोमानियामा रहेनछ,' उनले भने ।

रोमानियामा रहेका आफ्ना साथीभाइलाई आफर लेटर पठाएर त्यो कम्पनीको विषयमा बुझ्न लगाउँदा अफर लेटरको लोकेशनमा कम्पनी नै नरहेको काफ्लेको दाबी छ । 'उनीहरूले दिएको मसँग वर्क पर्मिट पनि छ, तर त्यो वर्क पर्मिट पनि नक्कली छ,' काफ्लेले भने, 'हम्बोर्ड कम्पनी देखाएर मलाई जीएमडी इन्डस्ट्रीको वर्क पर्मिट दिइएको छ । वर्क पर्मिटमा भएको त्यसको दर्ता नम्बर कोड गुगलले अर्कै कम्पनीको नाम अस्तर भन्ने देखाउँछ। त्यस आधारमा पनि म ठगिएँछु भन्ने लागेर एजेन्ट र मेनपावर कम्पनी पुग्दा उनीहरू म्यानपावर बन्द गरेर फरार भइसकेछन् ।'

वैदेशिक रोजगारीमा जाने सुन्दर सपना सजाएर रकम बुझाएकामध्ये अधिकारी, कोइराला र काफ्ले प्रतिनिधि मात्रै हुन् । उनीहरूजस्ता धेरैलाई माल्टा, साइबेरिया, रोमानिया, पोल्याण्ड, कोरियालगायतका देशमा रोजगारी दिलाउने भन्दै ओशो वर्ल्ड कन्सल्ट्यान्सीका सञ्चालकले ठगी गरेको पीडितले आरोप लगाएका छन् । ओशो वर्ल्ड कन्सल्ट्यान्सीका नाममा लक्ष्मीप्रसाद बराल (अञ्जान) पदम योङ्हाङ, धर्म तिम्सिना र लक्ष्मण घिमिरेको गिरोहले आफूहरूबाट लाखौं रूपैयाँ ठगेको पीडितहरूले बताएका छन् ।

उनीहरूबाट ठगिनेमा कनकाई नगरपालिका-३ निवासी सविना कोइराला भट्टराई (रोमानिया एक लाख), कनकाई-३ कै सुभद्रा न्यौपाने कोइराला (रोमानिया ५० हजार), कनकाई नगरपाालिका-३ कै चिरञ्जीवी महत्तो (माल्टा एक लाख), बिर्तामोड नगरपालिका-४ का विनोद उप्रेती (माल्टा एक लाख), बुद्धशान्ति गाउँपालिका-५ का गोविन्द ढुंगाना (माल्टा एक लाख), मेची नगरपालिका-९ का ओम प्रकाश भण्डारी (माल्टा एक लाख), बुद्धशान्ति गाउँपालिका निवाासी योगेश कोइराला (माल्टा एक लाख), बिर्तामोड नगरपालिका-४ का विकास उप्रेती (रोमानिया ७० हजार), शिवसताक्षी नगरपालिका-१० का दीपककुमार कोइराला (रोमानिया ७० हजार)सहित राहदानी लगेको बताइएको छ ।

त्यस्तै ठगीमा पर्नेमध्ये अर्जुनधाराका रोमन सापकोटा (रोमानिया ५० हजार), शिवसताक्षी-१० का गङ्गाप्रसाद पराजुली (रोमनिया ७० हजार) कनकाई-४ का दुर्गाप्रसाद कोइराला (रोमानिया ७० हजार), बुद्धशान्ति-२ का लक्ष्मीप्रसाद नेपाल (रोमानिया दुई लाख), कनकाई नगरपालिका-३ का किरण कुमाल (रोमानिया ५० हजार), कनकाई-३ का अशोक थापा (रोमानिया ३० हजार), कनकाई-३ का डिकबहादुर भुजेल (रोमानिया ५० हजार) सहित ७० जनाभन्दा धेरैको राहदानीसहित लाखौं रुपैयाँ लिएर बेपत्ता बनेको पत्रकार भेटघाटमा जानकारी दिइयो। ठगी आरोप लागेका चारै जना अहिले सम्पर्कमा नरहेको पीडितको भनाइ छ । यो समाचार तयार गर्ने क्रममा उनीहरूले प्रयोग गर्दै आएको मोबाइल नम्बरमा सम्पर्क गर्दा उनीहरूको मोबाइल स्वीच अफ रहेको पाइएको छ ।

## वैदेशिक...

युवायुवतीहरू राहदानी बनाउन प्रशासन कार्यालय पुग्ने गरेको आंकलन छ । जिल्ला प्रशासन कार्यालय सप्तरीको राहदानी फाँटले दिएको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/०८० मा मात्रै सप्तरीबाट १३ हजार ५ सय ८७ जनाले राहदानी लिएका थिए । उक्त तथ्यांक नयाँ, हराएको र नवीकरण समेतको रहेको राहदानी फाँटले जनाएको छ । यही हाराहारीमा वर्षेनी सप्तरीका युवायुवतीलेले राहदानी लिइरहेको तथ्यांकमा छ ।

युवायुवतीहरु खाडी रहरले नभइ बाध्यताले वैदेशिक रोजगारीका लागि जानु परेको बताउँछन् । स्वदेशमै रोजगार पाए अन्य देशमा गएर श्रम बेच्नुपर्ने स्थिति नआउने उनीहरुको भनाइ छ । बढी कामदार वैदेशिक रोजगारीमा जाने आठौं नम्बरमा रहेको सप्तरीबाट गत वर्ष २१ हजार ४ सय ७३ जना गएकोमा म्यानपावर कम्पनीमार्फत जानेको संख्या १२ हजार ४ सय २५ रहेको छ ।

वैदेशिक रोजगारीमा जाने युवाहरू अनधिकृत एजेन्टहरुको चर्को ठगीमा समेत पर्ने गरेको देखिएको छ । राहदानी, टिकट र श्रम बीमासहित एक जनाको अधिकतम खर्च ३० हजार रुपैयाँको प्रावधान रहेता पनि रोजगार आकांक्षी युवायुवती बढी रकम खर्च गर्नुपर्ने बाध्याता रहेको बताउँछन् ।

सप्तरीमा राहदानीबाट मात्रै करोडौं रुपैयाँ राजस्व संकलन भएको जिल्ला प्रशासन कार्यालयको तथ्यांकले देखाएको छ । गत आर्थिक वर्षमा यस जिल्लामा राहदानीबाट ७ करोड ८१ लाख १७ हजार ७ सय २६ रुपैयाँ राजस्व संकलन भएको छ ।

दिनहककु १५सयको हाराहारीमा नेपाली युवायुवती वैदेशिक रोजगारीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गइरहेका छन् । स्वदेशमा रोजगारीको अवसर नहुँदा उनीहरु वैदेशिक रोजगारीका लागि खाडी मुलुक गएर श्रम बेच्न बाध्य छन् ।

वैदेशिक रोजगारमा जाने युवायुवतीको संख्यासँगै वैदेशिक रोजगारका नाममा हुने ठगी पनि व्यापकरूपमा बढेको छ । जिल्लास्थित सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तर्गतको सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी स्रोत केन्द्रमा झण्डै ४ करोड ३० लाख ८६ हजार ९ सय रुपैयाँ बराबरको ठगिएको उजुरी प्राप्त भएको बताइएको छ । आर्थिक वर्ष २०७९/०८० मा सप्तरीमा वैदेशिक रोजगार ठगीसम्बन्धी ३ सय ८४ वटा उजुरी दर्ता भएको थियो । त्यसमध्ये ३ सय ७१ वटा उजुरीकर्ताको रकम फिर्ता गराइएको छ ।

## सांसद...

सात दिनभित्र लिखित जवाफ माग गरेको छ। यो कार्यक्रममा सरकारी कोषको रकम खर्च गर्दा अपनाउनुपर्ने पारदर्शिता र जवाफदेहिता सम्बन्धी विषय पनि विचारणीय रहेको सर्वोच्चले उल्लेख गरेको छ ।

सर्वोच्चले आदेशमा भनेको छ, 'विकास योजना निर्माण र कार्यान्वयनसम्बन्धी स्वीकृत अभ्यास र मान्यता प्रतिकुल हुने गरी सिमित आर्थिक क्षमता रहेको मलुकमा राष्ट्रिय ढुकुटीको ठूलो हिस्सा संघ र प्रदेश समेतबाट अर्बौं रकम केही खास जनप्रतिनिधिहरुको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनवद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकुल देखिँदैन् ।' अर्थात, सांसदको तजबिजमा कार्यक्रम छनोट गर्ने विधिमै सर्वोच्चले प्रश्न उठाएको छ ।

# नेपाल विश्वविद्यालय विधेयक समितिमा पठाइयो



**काठमाडौं/मस**- प्रतिनिधिसभाको बुधबारको बैठकले 'नेपाल विश्वविद्यालय विधेयक, २०८० ' दफावार छलफलका लागि संसदीय समितिमा पठाउने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले नेपाल विश्वविद्यालय विधेयक, २०८० दफाबार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रतिनिधिसभाको बैठकमा पेश गरेका थिए ।

सभामुख देवराज घिमिरेले यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरेकोमा सर्वसम्मतिले स्वीकृत भएको हो । सो विधेयक राष्ट्रियसभामा उत्पत्ति भएको थियो ।

प्रतिनिधिसभाको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यविधि थप गरिएको विषय पनि जानकारी गराइएको छ। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्याविधि थप गर्नेगरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा २ बमोजिम सदनसमक्ष पेश गरेका हुन् ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि, २०८० गत असार ३० मसान्तसम्म रहेकोमा शान्ति प्रक्रियाको काम बाँकी रहेकाले दुवै आयोगको कार्यावधि, २०८० पुस मसान्तसम्ममा रहने गरी मन्त्रिपरिषद्बाट आदेश जारी गरिएको बेहोरा मन्त्री गुरुङले सदनलाई जानकारी गराएका थिए।

त्यस्तै, प्रतिनिधिसभाको आजको बैठकले १० वा सोभन्दा बढी दिनसम्म बैठकमा अनुपस्थित भएका सांसदको अनुपस्थितिको सूचना पनि स्वीकृत गरेको छ । सांसद दुर्लभ थापा क्षेत्री, मनोरमा शेरचन, विनोदकुमार चौधरी, डा.चन्द्रकान्त भण्डारी, बिनाकुमारी थनेत, वर्षमान पुन, आशा विक, नारायण खड्का, जीवन परियार, विष्णुकुमार कार्की, धवल शमशेर जबरा, किशोर सिंह राठौर, ज्ञानबहादुर शाही, सपना राजभण्डारी, चन्द्रा चौधरी र लालप्रसाद साँवा लिम्बू लगातार १० वा सोभन्दा बढी दिन संसद् बैठकमा अनुपस्थित रहेका थिए । प्रतिनिधिसभाको अर्को बैठक बिहीबार दिउँसो १ बजे बस्नेछ ।

### संसदीय समितिमा सदस्य हेरफेर

प्रतिनिधिसभाअन्तर्गतको संसदीय समितिमा सदस्यको नाम हेरफेर गरिएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा नियमावलीअनुसार समितिमा प्रतिनिधित्व गर्ने सांसद सदस्यको हेरफेर गरिएको नाम पढेर सुनाएका थिए ।

प्रस्तावित हेरफेरमा अमनलाल मोदी सार्वजनिक लेखा समितिमा, नागिना यादव कानुन, न्याय तथा मानवअधिकार समितिमा, सांसद संगीता मण्डल धानु शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा, सोनु मुर्मु कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, किरणकुमार साह महिला तथा मामिला समितिमा रहेका छन् ।

त्यस्तै, डा.शशांक कोइराला अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा, रामहरि खतिवडा राज्य व्यवस्था तथा सुशासन समितिमा, रुपा सोशी (चौधरी) कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, सांसद अब्दुल खांन उद्योग, वाणिज्य श्रम तथा उपभोक्ता समितिमा, सांसद विमला सुवेदी कानुन न्याय तथा मानवअधिकार समितिमा र सांसद योगेश गौचन थकाली अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा रहनुभएको छ । प्रस्तावित हेरफेरलाई सभाले सहमति जनाएको थियो । बैठकमा सभामुख घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार तोकिएको र विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा पढेर सुनाएका थिए ।

# समुदायसँग हातेमालो गरी अगाडि बढ्छु: प्रहरी निरीक्षक थिङ

**राहुल गुप्ता/मध्यान्ह**
विरगञ्ज, ६ भदौ



वडा प्रहरी कार्यालय श्रीपुरमा नयाँ प्रहरी निरीक्षक धर्मजंग थिङ आएका छन् । सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुर मुर्लीले एक कार्यक्रम आयोजना गरी प्रहरी निरीक्षक थिङलाई तथा बधाई समेत दिएको थियो । श्रीपुर वडा प्रहरी कार्यालयबाट सरुवा भइ प्रहरी निरीक्षक आशुतोष शाही काठमाडौं गएपछि थिङ धादिङबाट सरुवा भइ श्रीपुरमा आइतबारदेखि हाजिर भएका हुन् । उनले आफु आएको धेरै दिन नभएको तर यहाँ आएपछि आफ्नो पहिलो प्राथमिकता शान्ति सुरक्षा, चोरी नियन्त्रण र समाजमा प्रहरीको सक्रियता बढाउँदै समुदायसँग हातेमालो गरी अगाडि बढ्दै जाने बताए । आफूले सबैको साथ सहयोगको अपेक्षा राखेको प्रहरी निरीक्षक थिङले बताए ।

सामुदायिक सेवा केन्द्र श्रीपुर मुर्लीका सचिव दिलिप प्रधानको नेतुत्वमा गएको टोलीले प्रहरी निरीक्षक थिङलाई खादा ओढाएर मायाको चिनो समेत प्रदान गरेको थियो । टोलीमा उपाध्यक्ष रेखा घिमिरे, कोषाध्यक्ष मेघराज सहनी, सल्लाहकार पण्डित पुरुषोत्तम दुबे, सदस्य एनुलहक देवान, निर्मल ताम्राकार, पत्रकार जगत राई, अजित भुजेल, प्रहरी हवल्दार ओमप्रकाश साहसमेत सहभागी भएका थिए ।

# बुस्टर डोज सञ्चालन

**काठमाडौं/मस**-जिल्ला स्वास्थ्य कार्यालय, काठमाडौंले कोरोना भाइरसविरुद्धको खोप अभियान सञ्चालन गरेको छ । स्वास्थ्य कार्यालयका सूचना अधिकारी अञ्जना खड्का कोरोना भाइरसविरुद्धको बुस्टर डोज लगाउन बाँकी रहेकालाई अभियान सञ्चालन गरिएको जानकारी दिइन् ।

यही भदौ ५ गतेदेखि भदौ ११ गतेसम्म १२ वर्षदेखि माथिका सबैलाई पहिलो, दोस्रो मात्राका साथै पहिलो बुस्टर डोज र दोस्रो बुस्टर डोज लगाइनेछ । उनले बुस्टर डोज लगाउन छुटेकाका लागि पनि पहिलो बुस्टर डोज दिइने बताइन्। उनले दोस्रो बुस्टर कम भएकाले लगाउने संख्या कम भएकाले पनि अभियान सञ्चालन गर्नुपरेको बताइन् ।

सूचना अधिकारी खड्काले बुस्टर डोज लगाउन छुट भएकालाई लगाउन आग्रह गरेकी छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्था, सामुदायिक विद्यालय, नगर अस्पताल र सरकारी तथा गैरसरकारी अस्पतालमा खोप लगाइनेछ। यसअघि नियमितरूपमा कार्यालयले वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सशस्त्र प्रहरी अस्पताल, नेपाल प्रहरी अस्पताललगायत अस्पतालबाट खोप उपलब्ध गराउँदै आएको थियो । अहिले कोरोना भाइरसको संक्रमण ह्वात्तै घटेको छ । शून्य सङ्ख्यामा समेत सङ्क्रमण घटेको पाइएको छ । भदौ ५ गते एक सय ६१ जनामा गरिएको परीक्षणमा तीन जनामा सङ्क्रमण देखिएको थियो । यसैबीच शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थीलाई डेंगु र आँखा पाक्ने रोगप्रति सचेतना फैलाउन मातहतका निकायलाई आग्रह गरेको छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकरीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि.न. | Product | Origin of Country | Unit | Rate | Capacity | Total MRP |
|---|---|---|---|---|---|---|
| 1 | Bacto Power BTI | India | Pcs | NPR | 250 Ml | 1450 |

**Medmax Pharma Pvt.Ltd.**
**Kathmandu 31, Nepal**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/११/२८ मा दर्ता भएको **प्रा.लि. नं. २३६१७५** को **मिलारेपा ग्यालरी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०८/१६ मा दर्ता भएको **प्रा.लि. नं. ९५३३** को **ड्रिफ्ट नेपाल प्रा.लि.** को मिति २०८०/०५/०१ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

# प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष हुने



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागले जारी गर्ने प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्षको हुने भएको छ ।

यसअघि यो प्रमाणपत्रको अवधि एक वर्षको हुँदा राजधानीभन्दा बाहिरका पत्रकारलाई समस्या पर्दै आएको थियो । विभागबाट जारी भएका प्रेस प्रतिनिधि प्रमाणपत्र एक वर्षको अवधिका लागि कायम रहने र प्रत्येक वर्ष नवीकरण हुने गरेकोमा अब स्थायी र स्वतन्त्र पत्रकारका हकमा प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष कायम गरिने विभागका प्रवक्ता भरत गौतमले बताए । अस्थायी प्रमाणपत्रको हकमा भने साविककै व्यवस्था निरन्तर रहने उनले जानकारी दिए ।

कानूनमा प्रमाणपत्रको अवधि तीन वर्ष भएपनि विभागले एक वर्षभित्र नवीकरण नगरे पुरानो परिचयपत्र खारेज गर्ने गरेको पत्रकारको गुनासो आएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यसमा चासो देखाएकी थिइन् । 'हामीलाई खासगरी राजधानी बाहिरका पत्रकार साथीहरूबाट यो गुनासो आएपछि विभागसँग चासो राखेका थियौं, विभागले तत्काल पहल गरेर नयाँ निर्णय गरेपछि प्रेस प्रतिनिधि प्रमाणपत्र अवधि थपिएको छ', सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ नरेन्द्र केसीले भने ।

उनका अनुसार छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को ११(१) मा प्रमाणपत्रको अवधि तीन वर्षको हुने उल्लेख भए पनि अभ्यासमा एक वर्षमै नवीकरण गर्ने प्रचलन रहेकाले त्यसमा सुधार गरेर नियमावलीअनुसार तीन आर्थिक वर्ष नै अवधि बनाउने निर्णयमा विभाग पुगेको हो ।

त्यस्तै स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्ति र नवीकरणका सवालमा पनि गुनासो आएकाले यसमा पनि सुधारका लागि प्रयास थालिएको उनले जानकारी दिए । 'लामो समयसम्म पत्रकारितामा लागिरहेका अग्रजले स्वतन्त्र पत्रकार परिचयपत्र पाउने र नवीकरण गर्ने सवालमा असजिलो भयो भन्ने गुनासो गरिरहनुभएको छ', केसीले भने, 'यसलाई सहज बनाउन के गर्न सकिन्छ, छलफल भइरहेको छ, यसमा पनि विभागले गृहकार्य गरिरहेको छ ।'

त्यस्तै विभागले एफएम रेडियो इजाजत/लाइसेन्स प्रतिलिपि पनि अनलाइनमै पाउने व्यवस्था गरेको छ । विभागको वेबसाइटको 'अन्य' बाट प्रवेश गरेर निवेदन दिई सोको निर्णयपश्चात् विभागबाट निवेदकको सम्बन्धित जिल्ला हुलाक कार्यालयमा सो प्रतिलिपि पठाइने व्यवस्था मिलाइएको विभागका प्रवक्ता गौतमले बताए ।

# मेडिकल सञ्चालकले गल्ती स्वीकारेपछि सहमति



**रुकुम पश्चिम/मस–** रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-४ छिनखेतका सिस्ने हिमाल मेडिकल हलका सञ्चालक लक्ष्मण शाहीले आफ्नो गल्ती स्वीकार गरेका छन् । बाँफिकोट गाउँपालिकाले गरेको बजार अनुगमनमा आफ्नो मेडिकलको फोटो आएपछि उनले मध्यान्हकर्मी प्रचण्ड खत्रीलाई हातपात गरेका थिए ।

अस्थायी प्रहरी पोष्ट छिनखेतमा भएको छलफलमा मेडिकल सञ्चालक शाहीले आफूले गल्ती गरेको र आउँदा दिनमा यस्तो गल्ती नगर्ने बताएपछि सहमति भएको पीडित पत्रकार खत्रीले बताए ।

यस विषयमा नेपाल पत्रकार महासंघ रुकुम पश्चिम, प्रेस सेन्टर नेपाल रुकुम पश्चिम र प्रेस सेन्टर नेपाल मुसिकोट नगरपालिकाले प्रेस विज्ञप्ति समेत निकालेले घटनाबारे ध्यानाकर्षण भएको जनाएका थिए ।

# बलान बिहुल गाउँपालिकामा कालाजारविरुद्धको औषधि छरियो

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ६ भदौ



सप्तरीको बलान बिहुल गाउँपालिकाले कालाजारविरुद्धको औषधि छरेको छ । गाउँपालिको सहयोगमा वडा नं.१ देखि ६ सम्मका गाउँ घरमा गई औषधि छिर्कने काम भएको हो । उक्त औषधि गाउँघरको गोठ लगायत नाला समेत छरिएको स्वास्थ्य संयोजक पवन यादवले जानकारी दिए ।


मकालु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुम, संखुवासभा
कोशी प्रदेश, नेपाल

## आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु:

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकाले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

### आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु:



- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टासिने ।
- आँखाबाट आसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने / बिझाउने ।
- घाम तथा उज्यालो प्रकासमा हेर्न समस्या हुने ।



### आँखा पाक्ने रोगबाट बच्ने उपायहरु

- जथाभावी रुपमा आँखा नछुने / आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया / रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

### आँखा पाक्ने रोग लागिहालेमा के गर्ने :

- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा घुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।



सामान्यतया यो रोग १ हप्ता भित्रमा आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थामा गइ स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।



Province Government
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Road Infrastructure Development Office,**
Bardiya, Nepal

## Invitation for Bids

**IFB No:01/080-81**
**(First date of Publication:** ***7th Bhadra 2080 (24th August, 2023)*****)**

1. Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB).
2. Road Infrastructure Development Office, Bardiya invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

| S. N. | Name of Works | Contract ID | Amount Excluding VAT & PS | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1. | Achhami tole bargadako sadak kalopatre thakurbaba- 4, Bardiya. | *RIDO/BARDIYA/W/NCB/ROAD/01/080-81* | *16,93,818.97* | *NRs. 3000 for Each Contract* | *48,000.00* |
| 2. | Barbardiya ward no. 9 bangai chowk dekhi transformer samma bato Gravel. | *RIDO/BARDIYA/W/NCB/ROAD/02/080-81* | *25,14,449.69* | | *72,000.00* |
| 3. | Banshgadi tharu gaunko bichma shiwa mandirko purba ghoraha nala samma pakki nala nirman, Bansgadhi – 5, Bardiya. | *RIDO/BARDIYA/W/NCB/ROAD/03/080-81* | *16,97,565.02* | | *48,000.00* |
| 4. | Banshgadhi na.pa 9, Machhagadh gautam chowk dekhi toraiya kunaithi sadak Staronnati. | *RIDO/BARDIYA/W/NCB/ROAD/04/080-81* | *25,45,471.76* | | *72,000.00* |
| 5. | Maintenance of Manpur Badalpur Nayagau Gola Road Bardiya | *RIDO/BARDIYA/W/NCB/ROAD/05/080-81* | *33,91,829.94* | | *95,000.00* |
| 6. | Upgrading of Bandhushree Sitthibareli Jabdahawa Fachkuwa Tesanpur paschimbat purba jane madhya bardiya ma parne mukhya sadak. | *RIDO/BARDIYA/W/NCB/ROAD/06/080-81* | *33,92,492.59* | | *95,000.00* |
| 7. | Upgrading of Gulariya na pa 4 & 7 Hulaki Rajmarg dekhi dakshin krishanasar resort jane sadak khand | *RIDO/BARDIYA/W/NCB/ROAD/07/080-81* | *25,45,037.90* | | *71,000.00* |
| 8. | Upgrading of Jotpur Intake Road Bardiya | *RIDO/BARDIYA/W/NCB/ROAD/08/080-81* | *25,43,262.84* | | *71,000.00* |
| 9. | Upgrading of Siuniya Ghusra hudai Harnawa sadak khand | *RIDO/BARDIYA/W/NCB/ROAD/09/080-81* | *25,46,828.93* | | *71,000.00* |
| 10. | Black topped Road Maintenance work of Rajapur Ring Road (Rajapur-Tiuni Sector) | *RIDO/BARDIYA/W/NCB/ROAD/10/080-81* | *84,71,642.65* | | *2,40,000.00* |
| 11 | Black topped Road Maintenance work of Belawachowk -Pragati Bazzar-Khairapur chowk Road. | RIDO/BARDIYA/W/NCB/ROAD/11/080-81 | 84,87,530.57 | | 2,40,000.00 |
| 12 | Guruwa gaun bairiya jagatiya sitibareli sadak starunnati, barbardiya-4 | RIDO/BARDIYA/W/NCB/ROAD/12/080-81 | *16,95,178.59* | | *48,000.00* |
| 13 | Basgadhi Na.Pa Belawa Chowk Dekhi Badmuruwa Gaun Samma Sadak Starunnati, Bardiya | RIDO/BARDIYA/W/NCB/ROAD/13/080-81 | *25,44,217.59* | | *71,000.00* |
| 14 | Satgharuwa jagatram tharuko ghar najik ko dundrama culvert nirman thakurbaba, ward no. 2 | RIDO/BARDIYA/W/NCB/ROAD/14/080-81 | *17,38,806.13* | | *49,000.00* |

3. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Bardiya or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically through e- submission from PPMO's e-GP system http://www.bolpatra.gov.np/egp.

**Office chief**



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
७ भदौ २०८०, बिहीबार
24 August 2023, Thursday

सम्पादकीय

## लयमा फर्कने आशा

सर्वोच्च अदालतका प्रधानन्यायाधीशमा विश्वम्भर श्रेष्ठ नियुक्त भएका छन् । न्यायिक परिषद् र संसदीय सुनुवाइ पार गरेर वरिष्ठतम न्यायाधीशबाट श्रेष्ठ प्रधानन्यायाधीश नियुक्त भए । श्रेष्ठले राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएका छन् । श्रेष्ठ प्रधानन्यायाधीश नियुक्त भएसँगै न्यायालयले आवश्यक समयमै नेतृत्व समेत पाएको छ । श्रेष्ठले नेतृत्व लिएसँगै न्यायालय फेरि लयमा फर्कने आशा समेत पलाएको छ । किनकि बिगतमा न्यायालय लामो समय नेतृत्वकै अलमल र संक्रमणमा फसेको थियो । विशेषगरी तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले कार्यकारीसँग न्यायको सौदाबाजी गर्दा न्यायालय एकप्रकारले कामचलाउ बन्न पुगेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले न्यायालयलाई समेत विवादमा तान्ने काम गरेका थिए । ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभाको असंवैधानिक विघटन गर्ने निर्णय गर्दा जबरा त्यसको साक्षी बनेका थिए ।

कार्यकारीसँगै संवैधानिक नियुक्तिमा भाग लिएका जबराले ओलीपछि प्रधानमन्त्री बनेका शेरबहादुर देउवासँग मन्त्रीकै भाग लिए । यसपछि सर्वोच्च अदालत आन्दोलनमय बन्यो । सर्वोच्चकै न्यायाधीशहरू हड्तालमा उत्रिए । जबराले राजीनामा नदिएसम्म सुनुवाइ नगर्ने अडान लिएपछि न्यायालय कामचलाउ बन्न पुग्यो । सर्वोच्चमा नयाँ थिति अर्थात् गोलाप्रथाबाट इजलास तोकिन थाल्यो । त्यसले न्यायाधीशको विशेषज्ञतालाई आधार मानेर इजलास तोकिने प्रणाली भत्कियो । जबराविरूद्ध सांसदहरूले महाअभियोग लगाए । तर त्यो महाअभियोग टुंगोमा पुगेन । सर्वोच्च एकपछि कामचलाउ नेतृत्वबाट चल्न थाल्यो । शुरूमा दीपक कार्की र त्यसपछि हरिकृष्ण कार्कीले कार्यबाहक प्रधानन्यायाधीश भएर सर्वोच्चको नेतृत्व गरे ।

आफूविरूद्ध लागेको महाअभियोग टुंगोमा नपुग्दै जबराले अवकाश लिने परिस्थिति बन्यो । तर दलहरूले स्वार्थका कारणले हरिकृष्ण कार्कीले समेत लामो समय कार्यबाहक भएर नेतृत्व गरे । अन्तिम समयमा मात्रै उनी प्रधानन्यायाधीश बन्न पाए । यसरी झण्डै दुई वर्ष कामचलाऊ नेतृत्वबाट चलेको सर्वोच्चले नयाँ प्रधानन्यायाधीश पाएका छन् । त्यसो हुँदा नवनियुक्त प्रधानन्यायाधीशको पहिलो दायित्व सर्वोच्चमा राजनीतिक चलखेल रोक्ने हो । न्यायालयमा राजनीतिक स्वार्थ हाबी हुन नदिन सवैभन्दा पहिलो प्रधानन्यायाधीश श्रेष्ठ आफैले अनुचित स्वार्थ त्याग्नुपर्नेछ । त्यसैपनि लोभी मनले निष्पक्ष न्याय दिन सक्दैनन् भन्ने युक्तिमा धेरै हदसम्म विश्वास गर्न सकिन्छ । कुनै स्वार्थ बोकेका नेतृत्वबाट अरूलाई निष्पक्ष बन्न प्रेरित गर्ने हैसियत राख्दैनन् । नवनियुक्त प्रधानन्यायाधीश श्रेष्ठलाई सफल कार्यकालको शुभकामना !

# महारोग बन्दै भ्रष्टाचार

अग्रलेख



● कृष्णहरि बास्कोटा

नेपालमा भ्रष्टाचार सामाजिक महारोगका रूपमा देखिएको छ । भ्रष्टाचारले समाजमा गहिरोरूपमा जरा गाडेको छ । यसले सामाजिक मान्यता पाएको आभाष हुनु निकै पीडादायी छ । यथार्थमा मुलुकमा सुशासन प्रवर्द्धन गर्न मुख्य अवरोधका रूपमा भ्रष्टाचार रहेको छ । यसका कारण भ्रष्टाचार नियन्त्रण गरी सुशासन, सदाचार र विधिको शासन कायम गर्न जारी भएका कानूनहरु कागजको खोस्टो सरह महसुस हुन थालेका छन् । भ्रष्टाचारका कारण राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक क्षेत्रमा गहिरो ढंगले नकारात्मक असर परिरहेको छ ।

समाज बिस्तारै आफ्नो मूल्य र मान्यताबाट स्खलित हुँदै गएको भान बढ्न थालेको छ । विशेषगरी, सार्वजनिक र निजी क्षेत्रमा भ्रष्टाचारले बलियो जरा गाडेर बसेको छ । यसमा गैरसरकारी संस्था पनि जोडिएलान् भन्ने भय छ । भ्रष्टाचार नैतिक मान्यता र मूल्य विपरीत त छँदैछ, यसले इमान्दारिता र विश्वासलाई निस्तेज तुल्याउँदै, पद, अधिकार र शक्तिको दुरूपयोगलाई मलजल गर्छ । यसले मुलुकमा स्थापित संघीय शासन प्रणाली, गणतन्त्र र लोकतन्त्र उपर नै प्रत्यक्ष र परोक्षरूपमा औंला उठाउने स्थानमा पुऱ्याउन खोजिरहेको छ । यसर्थ, यसको समूल नष्ट गर्ने हिम्मत गर्नुको विकल्प छैन ।

नेपालले संयुक्त राष्ट्र संघको सक्रिय सदस्य राष्ट्रको नाताले १४ डिसेम्बर सन् २००५ देखि लागू भएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई २३ फेब्रुअरी सन् २०११ मा अनुमोदन गरी सो महासन्धिको पक्ष राष्ट्र बनेको छ । यसअनुसार नेपाल सरकारले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनासमेत निर्माण गरी कार्यान्वयनमा ल्याएको धेरै भयो । यसको कार्यान्वयको समीक्षा गरी नयाँ कार्ययोजना पुनर्लेखन गर्नुपर्ने अवस्था आएको छ । यदि हामी भ्रष्टाचार नियन्त्रणमा कठोर हुन सकेनौ भने भावी पुस्ताले ठूलो सजाय भोग्नेछन् ।

भ्रष्टाचार नियन्त्रणका लागि अदालत, संवैधानिक आयोग, नियामक निकाय र सरकारी कार्यालयहरु क्रियाशील छन् । यी निकायहरु भ्रष्टाचार नियन्त्रणका लागि निदानात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र संगठनात्मक क्षमता विकासमा लागिपरेका छन् । प्रत्यक्ष र परोक्षरूपमा यो विषयलाई स्कुल र कलेजको पाठ्यक्रममा समेट्न थालिएको छ । यो विषय विश्वव्यापी बहसमा छ । यसकै कारण सरकारहरु ढल्ने र नयाँ सरकार गठन हुने गरेका छन् । सदाचारिताबाटै कैयौं पदाधिकारीले उचाइ लिएका छन् भने कैयौं प्रख्याति कमाएका मानिसहरु पनि भ्रष्ट्राचारमा संलग्न भएको कारण धुलो झैं बढारिएका छन् । तथापि, आम मानिसमा भ्रष्टाचार विरोधी ऊर्जा पैदा भइरहेको छैन । अवसर नपाउन्जेल प्रायः धेरै मानिस सदाचारी देखिने र मौका आएपछि साख गुमाउनेको संख्या अत्याधिक देखिइनु समाजको विकृतरूप बनेको छ ।

नेपालको भ्रष्टाचारसम्बन्धी कानूनले सार्वजनिक पदमा बसेर रिसवत् लिने तथा दिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दानदातव्य, उपहार वा चन्दा लिने, कमिसन लिने, राजस्व चुहावट गर्ने तथा गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने पदाधिकारीलाई भ्रष्टाचारमा कारबाही चलाउने व्यवस्था गरेको छ । यसैगरी गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने तथा सरकारी, सार्वजनिक संस्थानको कागजात नोक्सान गर्नेलाई पनि भ्रष्टाचारमा संलग्न ठहर गर्दछ ।

यस अतिरिक्त, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षाको परिणाम फेरबदर गर्ने, गैरकानूनी व्यवसाय गर्ने, नपाएको ओहदा पाए भन्ने, झुट्टा विवरण दिने, सार्वजनिक सम्पत्तीको हानी नोक्सानी गर्ने, गैरकानूनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानूनीरूपमा सम्पत्ति आर्जन गर्ने, भ्रष्टाचारको उद्योग गर्ने र भ्रष्टाचारमा मतियार हुनेलाई पनि भ्रष्टाचारमा कारबाही हुने प्रबन्ध गरेको छ । तर, यी हर्कत निजी क्षेत्र वा गैरसरकारी क्षेत्र वा नागरिक तहबाट भएमा भ्रष्टाचार नठहरिने उदेकलाग्दो कानून विद्यमान छ ।



*मुलुकमा सुशासन प्रवर्द्धन गर्न मुख्य अवरोधका रूपमा भ्रष्टाचार रहेको छ । जसका कारण भ्रष्टाचार नियन्त्रण गरी सुशासन, सदाचार र विधिको शासन कायम गर्न जारी भएका कानूनहरु कागजको खोस्टो सरह महसुस हुन थालेका छन् । भ्रष्टाचारका कारण राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक क्षेत्रमा गहिरो ढंगले नकारात्मक असर परिरहेको छ ।*

भ्रष्टाचारलाई निस्तेज गर्न सक्ने औजार सुशासन नै हो । सुशासनका तीन आयामहरु छन् । पहिलो, सुशासनलाई राजनीतिक परिवेशमा नियाल्दा अत्याधिक जनसहभागिता, निष्पक्ष निर्वाचन र बहुलतावाद नै प्रमुख तत्वका रूपमा देखा पर्दछन् । दोस्रो, सुशासनको व्यवस्थापकीय आयामभित्र छरितो तर, सक्षम सरकारको भावना मुखरित भएको हुन्छ । तेस्रो, सुशासनको नैतिक आयामभित्र पारदर्शिता र स्वच्छ प्रशासनको भावना लुकेको हुन्छ । यसलाई आत्मसात् गरी कार्यान्वयनमा खरो उत्रिन सके पनि भ्रष्टाचार अन्त्य गर्न सकिने थियो ।

मुलुकमा सुशासन ऐन विद्यमान छ । यस ऐनका प्रमुख प्रावधानहरुमा कुनै पनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्ने, निश्चित समयमा निर्णय गर्ने, निर्णयको पारदर्शिता कायम गर्ने, निर्णयको आधार र कारण खुलाउने तथा स्वार्थ बाझिएको विषयमा निर्णय नगर्ने व्यवस्था छ । यसैगरी सार्वजनिक पदमा रहेकाले जिम्मेवारी नपन्छाउने, पदीय आचरण पालना गर्ने, पदीय उत्तरदायित्व निर्वाह गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने र घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था छ । यस अतिरिक्त, सार्वजनिक सुनुवाइ गर्ने, गुनासो व्यवस्थापन गर्नेलगायतको प्रबन्ध गरेको छ । यी कानूनी प्रावधानको हुबहु कार्यान्वयन गर्न सुशासन आयोग निर्माण गर्न जरुरी महसुस भएको छ ।

भ्रष्टाचार न्यूनीकरण गर्नकै खातिर मुलुकमा सूचनाको हकसम्बन्धी ऐन पनि जारी भएको छ । यस ऐनका प्रमुख प्रावधानहरुमा प्रत्येक कार्यालयले आफूले सम्पादन गरेका कामहरु तीन/तीन महिनामा सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने, नागरिकले माग गरेको सूचना कानूनको तोकिएको अवधिभित्र उपलब्ध गराउने र सूचना प्रवाहमा दक्षता अभिवृद्धि गर्न कर्मचारीलाई नियमितरूपमा तालिम कार्यक्रमको आयोजना गर्ने व्यवस्था छ । यसैगरी, सूचना प्रवाहका लागि आमसञ्चार माध्यमको प्रयोग गर्ने, नागरिकलाई अनुकूल हुने भाषामा सूचना प्रवाह गर्ने र सूचनाको हकमार्फत नागरिकले अनुभूति गरेका कुनै पनि विषयमा सोध्ने, जान्ने र सेवा प्राप्त गर्ने हकको प्रचलनमा आम नागरिकलाई अभ्यस्त तुल्याउने कानूनको मनसाय भएपनि सार्वजनिक पदाधिकारीहरु नै यस कानूनको खिलापमा उभिइनु हाकाहाकी भ्रष्ट्राचारको पक्षमा वकालत गर्नु सरह हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रत्येक वर्ष 'करप्सन परसेप्सन इन्डिकेटर' जारी गर्ने गरेको छ । यसमा नेपालले सयमा गतवर्ष ३४ अंक हासिल गरी विश्वमा भ्रष्टाचार नहुने मुलुकको पंक्तिमा ११०औं स्थान हासिल गरेको छ । यो परिणाम स्वयम्मा भयावह छ । तर यसप्रति कम चासो दिइएको छ । यस संस्थाले मूलतः १० वटा सूचकांकका आधारमा भ्रष्टाचारको स्तर मापन गर्छ । यसअनुसार पहिलो, सरकारको उत्तरदायित्व हो अर्थात् सरकार जनताप्रति कति उत्तरदायी ढंगले प्रस्तुत हुन्छ भन्ने हो । दोस्रो, सरकारी कर्मचारीको जवाफदेहिताको स्थिति कस्तो छ ? तेस्रो, सार्वजनिक क्षेत्रमा विद्यमान भ्रष्टाचारको म्यापिङ भयो भएन ? भनी हेरिन्छ । चौथो, भ्रष्टाचारको मात्रा कुन हदमा छ भनेर जाँचिन्छ । पाँचौं भ्रष्टाचार विरोधी कारबाही कुन हदमा भइरहेको छ र उपलब्धि अपेक्षित छ छैन ? भनी विश्लेषण हुन्छ । छैटौं, सरकारी कारबाहीको प्रवृत्ति र नियन्त्रणकारी क्षमताको मापन गरिन्छ । सातौं, प्रशासनिक भ्रष्टाचारको स्थितिमाथि दृष्टि राखिन्छ । आठौं, सार्वजनिक पदको दुरूपयोगको स्थिति जाँच्ने काम हुन्छ । नवौं, सेवा प्रवाहमा अनिमियतताको स्थिति मूल्यांकन गरिन्छ । दशौं, अदालतको निर्णयमा पर्ने गरेको प्रभावबारे विश्लेषण हुन्छ । यति कुरामा सुधार गर्ने गरी कार्ययोजना निर्माण गरी वारपार हुने गरी काम गरिएमा भ्रष्टाचारको मात्रा ह्वात्तै तल ओर्लिने पक्का छ । यस्का लागि इच्छा शक्ति र काम गर्ने ढंगको जरुरत छ ।

नेपालमा दुई प्रकारका भ्रष्टाचार भइरहेका छन् । पहिलो पोलिसी करप्सन (नीतिगत भ्रष्टाचार) हो । यसलाई अधिकारको दुरूपयोग गरी गरिने भ्रष्टाचारका रूपमा बुझिन्छ । यसमा आफूलाई लाभ पुग्ने र राष्ट्रलाई नोक्सानी पुऱ्याइन्छ । विभिन्न नीतिद्वारा अमूक उद्योग र व्यापारको प्रवर्द्धनका नाममा छुट सुविधा घोषणा गरिन्छ । आफ्नालाई लाभ पुग्ने ध्येयले ऋण प्रवाह गर्ने, ब्याज माफी गर्नेलगायतको हर्कत गरिन्छ । अधिकार प्राप्त अधिकारीले स्वविवेकी अधिकारको दुरूपयोग गर्छन् । राष्ट्रको ढुकुटीबाट व्यक्तिलाई लाभ पुग्ने गरी राहत, अनुदान, सहायता दिन्छन् ।

दोस्रो, पेटी करप्सन (प्रत्यक्ष आर्थिक भ्रष्टाचार हो । यसमा आर्थिक अनिमियतता गरिन्छ । सरकारी खरिदको बिलमा रकम वृद्धि गर्ने, खरिदमा मुलाहिजा गर्ने, कम गुणस्तरको सामान खरिद गर्ने, खरिदको संख्यामै कमी गर्नेलगायतका निकृष्ट कार्य गरिन्छ । मिलेमतोमा ठेक्का लगाइन्छ । सेवाग्राही जनतासँग रिसवत् लेनदेन गरी गैरकानूनी काम गरिन्छ । नागरिकबीच विभेद पुऱ्याइन्छ । हुने काम नहुने र नहुने काम हुने बनाइन्छ । यस्तो कार्य जन्मदेखि मृत्यपर्यन्तको क्रियाकलापमा हुन्छ । यसले मुलुकको अन्तर्राष्ट्रिय छवि धुमिल हुन्छ । सार्वजनिक पदाधिकारीप्रति आम जनताको आक्रोश बढ्छ । मुलुकको समृद्धिको यात्रालाई अघि बढ्न दिँदैन । यसर्थ, हामी सबैले आ-आफ्नो स्थानबाट भ्रष्टाचारको विपक्षमा मन, वचन र कर्मले खरो उत्रिनुको विकल्प छैन ।

**(लेखक नेपाल सरकारका पूर्वसचिव तथा राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त हुन् ।)**

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

भारतले 'चन्द्र-विजय' गऱ्यो, हाम्राहरु भने 'सुन-विजय' गर्दैछन् । सुँगुरको जस्तो सपना, ब्वाँसाको जस्तो चिन्तन, कछुवाको जस्तो गति भएको जीर्ण नेतृत्व बोकेर कहीँ पुगिन्न है सोमहरु । संसार र दुई छिमेकी जसरी अघि बढ्दैन, हाम्रो यही ताल हो भने राष्ट्रप्रति गौरव हैन, हीनता सिर्जना हुनेछ ।



**- दिल निसानी मगर**

हाम्रो नजरमा दलितको घर जलाई दिनु जातीय युद्ध हो । हाम्रो नजरमा पानी खायो भनेर दलितको बच्चालाई स्कुल भित्रै मार्नु जातीय युद्ध हो । हाम्रो नजरमा दुलही लिन गएका नवराज बिकलाई महाकालीमा बगाउनु पनि जातीय युद्ध हो । तर, कठैबरा तिम्रो नजरमा जातीय युद्ध भनेको त गोरुको मासु खानु रहेछ ।



**- निर्मल प्रसाइँ**

सम्पत्ति शुद्धिकरण, अख्तियार, भन्सार विभाग, सिआईबी, राजस्व, पुलिस, सबैलाई अर्धमरा बनाइयो, सबैको नंग्रा, दारा झिकियो, सबैको हातखुट्टा बाँधियो, सबैको प्राण लिइयो, सबैलाई बलि दिइयो । उच्चस्तरीय छानबिन समितिमा राजनीतिक व्यक्तित्वलाई स्थान दिनु भनेको प्रारम्भिक सुन तस्करको जित हो ।



**- सुर्यराज आचार्य**

विकास, रोजगारी, उत्पादन, शिक्षा, कुटनीतिलगायत हरेक क्षेत्रमा व्याप्त बेथिती/विसंगतिले राष्ट्र खोक्रिँदै छ । राज्यका सबै जसो अङ्गको विश्वसनीयता रसातलमा पुगेको छ । धेरैजसो युवाहरूले नेपालमा आफ्नो भविष्य देख्न छाडेका छन् । देश जोगाउने सामूहिक प्रयास कुनरूपमा प्रकट होला ? हेर्दै जाम !

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | सामाजिक जीवन प्रभावशाली हुनेछ। शत्रु कमजोर हुनेछन् । |
| वृष | : | पराक्रम बढ्नेछ र विद्यार्थीहरुको लागि समय राम्रो छ । |
| मिथुन | : | उधारो धन दिनु हुँदैन । विरोधी कमजोर हुनेछन् । |
| कर्कट | : | वाहन प्राप्तिको योग छ । यात्रा सफल हुनेछ । |
| सिंह | : | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ। यश बढ्ने योग छ । |
| कन्या | : | सबै कार्यहरुमा सावधानी र धैर्य राख्नुपर्छ । |
| तुला | : | अलि मन बेचैनी रहनेछ। कार्यमा अलमल नगर्नुहोला । |
| वृश्चिक | : | वाणी संयम र अनावश्यक विवाद हुने योग छ । |
| धनु | : | यात्रा पूर्ण हुनेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ । |
| मकर | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ। बोलीमा ध्यान दिनुहोला । |
| कुम्भ | : | शुभ समय प्राप्त हुनेछ। जोखिम नलिनु होला । |
| मीन | : | पारिवारिक उल्झनले अशान्ति पैदा गर्नेछ। स्वास्थ्य सामान्य रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# प्रकृति जोगाउन सहअस्तित्वको सिद्धान्त

विश्व



● शशांक द्विवेदी

विश्वको हावापानी द्रुत गतिमा परिवर्तन हुँदैछ । बेमौसमी हावाहुरी, हुरीबतास र वर्षाका कारण हजारौं मानिसले ज्यान गुमाइरहेका छन् भने मौसममा आएको तिव्र परिवर्तनले अन्न उत्पादनदेखि विभिन्न कुरामा ठूलो प्रभाव पारिरहेको छ । सत्य यो हो कि वातावरण हाम्रो अस्तित्वसँग सीधा सम्बन्धित छ । वातावरण संरक्षणका लागि विश्वभर धेरै वार्ता, सम्मेलन, सेमिनार आदि भइरहेका छन्, तर त्यसको वास्तविक परिणाम देखिएको छैन ।

हालै संयुक्त राष्ट्र संघको आइपिसीसीको पछिल्लो प्रतिवेदनमा भारतको बारेमा निकै निराशाजनक तस्वीर प्रस्तुत गरिएको छ । यसले आगामी दुई दशकमा जलवायु परिवर्तनका कारण भारतले धेरै प्रकोपहरू सामना गर्न बाध्य हुने कुरा चेतावनी दिइएको छ । प्रतिवेदनअनुसार सन् २०३० सम्ममा हरितगृह ग्यासको उत्सर्जनमा भारी कटौती नगरिए भारतले जलवायु परिवर्तनका कारण हुने विनाशलाई रोक्न सक्ने अवस्था हुने छैन । प्रतिवेदनका अनुसार यदि भारतले सन् २०३० सम्ममा कठोर कदम चालेन भने जलवायु परिवर्तनको असर उसलाई निकै गहिरो गरी हुनेछ ।

*वास्तवमा, विगत २० वर्षमा जीवाश्म इन्धन जलाउँदा कार्बनडाइअक्साइड उत्सर्जन ४० प्रतिशतले बढेको छ र पृथ्वीको तापक्रम ०.७ डिग्री सेल्सियसले बढेको छ । यो अवस्था कायम रह्यो भने सन् २०३० सम्ममा पृथ्वीको वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा ९० प्रतिशतसम्म बढ्नेछ ।*

यो प्रतिवेदन हेर्दा, तथाकथित विकासको दौडमा सिंगो विश्व जसरी अन्धो बनेको छ, त्यसलाई हेर्दा आज होइन भोलि मानव सभ्यताको विनाश निश्चित छ भन्ने प्रष्ट भएको छ । कोरोनाजस्ता महामारी र बारम्बार आउने प्राकृतिक प्रकोपले अझै विश्वलाई च्याप्नेछ । हामी आफ्नो चेतनाबाट ब्यूँझनुपर्छ, नत्र भोलि केही पनि बाँच्ने छैन भन्ने चेतावनी दिइरहेको छ ।

वातावरणीय असन्तुलन दशकौंदेखि मानवजातिको लागि चिन्ताको विषय बनेको छ । पृथ्वीको तापक्रम बढ्दै गएकाले प्रकृतिको सन्तुलन बिग्रँदै गएको छ । वास्तवमा, वातावरण संरक्षण हाम्रो मुख्य एजेन्डामा समावेश छैन । मौसम चक्र फेरियो, तापक्रम निरन्तर बढ्दै गएको भन्दै रुन्छौं तर, यसको दोष कसलाई ?

जुन धर्ती कुनै बेला सुन उत्सर्जन गर्दथ्यो, पैसाको लोभले त्यसलाई रसायन मिसाएर बाँझो बनाइयो, राम्रो बाली लिन बाँझो बनाइयो । कृत्रिम माध्यमबाट यसको दोहन भइरहेको छ, जसका कारण हामीले गुणस्तर गुमाएका छौं । विगत केही वर्षदेखि विश्वभरका शक्तिशाली राष्ट्रका शक्तिशाली नेताहरूले हरेक वर्ष वातावरणीय सम्मेलनमा भाग लिइरहेका छन् तर, आजसम्म कुनै ठोस लक्ष्य हासिल हुन सकेको छैन ।

यो कथित विकासको अचेतनाबाट ब्यूँझने एउटै आधारभूत मन्त्र छ कि सहअस्तित्वको संस्कृतिलाई विश्वमा अबलम्बन गर्नैपर्छ । सहअस्तित्व भनेको प्रकृतिको अस्तित्वको रक्षा गर्दै मानवको विकास गर्नु हो । प्रकृति र मानव दुवैको अस्तित्व एकअर्कामा निर्भर छ, त्यसैले प्राकृतिक स्रोतको ह्रास नहोस् भनेर यस्तो संकल्प र यस्तो व्यवस्थाको आवश्यकता छ । विकासको अन्धो दौडका कारण आजसम्म यो सिद्धान्तलाई सारा विश्वले विशेषगरी विकसित मुलुकले बिर्सिसकेको छ ।

वास्तवमा, विगत २० वर्षमा जीवाश्म इन्धन जलाउँदा कार्बनडाइअक्साइड उत्सर्जन ४० प्रतिशतले बढेको छ र पृथ्वीको तापक्रम ०.७ डिग्री सेल्सियसले बढेको छ । यो अवस्था कायम रह्यो भने सन् २०३० सम्ममा पृथ्वीको वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा ९० प्रतिशतसम्म बढ्नेछ ।

सन् १९५० देखि करिब २००० हिमालयन हिमनदीहरू पग्लिसकेका छन्, यदि यो क्रम जारी रह्यो भने २०३५ सम्ममा सबै हिमनदीहरू पग्लनेछन् । सन् १८७० देखि पानीको सतह १.७ मिलिमिटरको दरले बढ्दै गएको र हालसम्म करिब २० सेन्टिमिटरले बढेको छ । यदि यो जारी रह्यो भने एक दिन मौरिसस जस्ता देशहरू र धेरै तटीय शहरहरू डुब्नेछन् ।

पश्चिमी विज्ञानले हामीमध्ये एक वर्गलाई प्रकृतिको शोषण गर्न र त्यसमाथि प्रभुत्व स्थापित गर्न सिकाउन सफल भएको छ । प्रकृतिसँग सहअस्तित्वको भावना भारतीय क्षेत्रबाट विकास भएको हो, जहाँ कृषि, उत्पादन प्रणाली, यातायात र सामाजिक र धार्मिक घटनाहरू मौसम चक्र अनुसार योजना गरिएको थियो ।

हाम्रो विज्ञानले प्रकृतिको सम्मान गर्दथ्यो तर, आधुनिक विज्ञानले खानीबाट कोइला र कच्चा तेल निकाल्ने, पुल र बाँध निर्माण गर्ने, जमिनमुनिको पानी छोएर सिजनभन्दा बाहिरको हाइब्रिड बाली उब्जाउने, जीएम बाली उत्पादन गर्ने प्रविधि ल्याएको छ । नयाँ ज्ञानको यो रूप अपनाएको दुई सय वर्षभित्र आज हामीले ठूलो मात्रामा वातावरणीय असन्तुलनलाई जन्म दिएका छौं । जसका कारण अब हामीले सहअस्तित्वको सिद्धान्तमा पूर्णरुपमा काम गर्ने विकासको मोडल अपनाउनुपर्छ । प्रकृतिमा हाम्रो पुस्ताको जति अधिकार छ, आगामी पुस्ताको पनि उत्तिकै अधिकार छ । हाम्रा भावी पुस्ताले पनि हाम्रा पुर्खाले रोपेका रुखको फल खान पाउनुपर्छ । हाम्रो पुर्खाले छाडेको सम्पदालाई हामीले हाम्रो पुस्तालाई हस्तान्तरण गर्नुपर्छ । कमसेकम आफ्नो निहित स्वार्थको लागि दुरुपयोग नगर्नुहोस् । अन्यथा भावी पुस्ता र प्रकृतिले हामीलाई कहिल्यै माफ गर्ने छैनन् ।

***अमर उज्यालाबाट***

## जाजरकोटका महिलाको पीडा

# घर र बाटोमै बच्चा जन्माउन बाध्य



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ६ भदौ

जाजरकोटको जुनिचाँदे गाउँपालिका-२ की कमला सिंहलाई गत जेठमा सुत्केरी व्यथाले च्याप्यो । उनी वडा नम्बर २ को आधारभूत स्वास्थ्य सेवा केन्द्र गइन् । उक्त सेवा केन्द्रमा उनलाई सुत्केरी गराउने सम्भव नभएपछि सामान्य उपचारपश्चात वडा नम्बर १ को बड्कुले स्वास्थ्य चौकीमा पठाइयो। उनी त्यहाँ पुग्न नपाइ बाटोमै सुत्केरी भइन् ।

यस्तै, वडा नम्बर २ कै गीता दमाईले गत असार २१ गते घरमै बच्चा जन्माइन् । सोही ठाउँकी सपना नेपालीले पनि छोरीलाई गत चैत १३ गते घरमै बच्चालाई जन्म दिइन् । उनले दुःख व्यक्त गर्दै भनिन्, 'विकट ठाउँका भयौं, गाडी चल्ने भए अस्पताल गइन्थ्यो, कोही घाँस काट्दै त कोही दाउरा काट्दै गर्दा बच्चा जन्माउन बाध्य हुन्छन् ।'

यी त यहाँका प्रतिनिधि पात्रमात्रै हुन् । जाजरकोटका अधिकांश महिलाहरू घरमै सुत्केरी हुने गरेका छन्। यहाँका दुर्गम वडाका शतप्रतिशत महिलाले घरमै बच्चा जन्माउने गरेका छन् । कतिपयलाई सुत्केरीको अन्तिम अवस्था पुगेपछि भने हेलिकप्टरमार्फत उद्धार गरेर सुविधा सम्पन्न अस्पताल लग्ने गरिएको छ । कडा परिश्रम, धेरै बच्चा जन्माउनु, कम उमेरमा बच्चा जन्माउनु, स्वास्थ्य सेवा पहुँचबाट विमुख जस्ता समस्याले अधिकांश आमाहरूको ज्यान निकै जोखिममा पर्दै गएको छ । बर्थिङ सेन्टर (प्रसूति सेवा केन्द्र) नहुँदा महिलाहरूले ठुलो समस्या भोग्ने गरेका छन् ।

निर्वाचनको बेला उम्मेदवारहरूले जति नै आश्वासन दिए पनि महिलाको समस्या ज्युँका त्युँ छन् । जुनिचाँदे गाउँपालिकाकै दुर्गम वडा मानिने वडा नम्बर २ मा बर्थिङ सेन्टर नहुँदा यहाँका महिलाले जोखिम मोलेर घरमै बच्चा जन्माउँदै आएका छन् । वडा नम्बर २ को आधारभूत स्वास्थ्य सेवा केन्द्रकी अनमी सुनकेशा शाहीले बर्थिङ सेन्टर भए पनि दक्ष जनशक्ति नहुँदा महिलाले घरमै बच्चा जन्माउने गरेको बताइन् । गर्भवती महिलाहरु समस्या लिएर स्वास्थ्य केन्द्रमा पुग्ने गरे पनि दक्ष जनशक्ति नहुँदा सुविधा सम्पन्न अस्पताल जान सुझाव दिने गरेको उनले बताइन् । भौगोलिक विकटताले दुर्गमका महिला सुत्केरी व्यथा लागेपछि बर्थिङ सेन्टर आउँदै गर्दा बाटोमै बच्चा जन्माउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । 'बर्थिङ सेन्टर छ, तर दक्ष जनशक्ति छैनन्, कोही घरमै बच्चा जन्माउँछन्, कोही बाटोमा, गर्भवती महिलालाई धेरै समस्या छ,' उनले भनिन्, 'समस्या ठूलो भए गर्भवती महिलालाई स्ट्रेचरमा बोकेर स्वास्थ्य चौकीमा लगिन्छ, स्वास्थ्य चौकी धेरै टाढा छ, करिब २ घण्टा बढी समय लाग्छ, बाटो पनि खराब छ । गाउँका स्वास्थ्य चौकीमा चिकित्सक र औषधिको अभावले सामान्य उपचार पनि हुन सक्दैन । कोहीले घरमै बोलाउनुहुन्छ, हामीसँग सामग्री हुँदैन ।'

यता वडा नम्बर २ का वडा अध्यक्ष रामबहादुर विकले वडामा बर्थिङ सेन्टर भए पनि स्वास्थ्यकर्मी नहुँदा महिलाहरूले घरमै बच्चा जन्माउनुपर्ने बाध्यता रहेको बताए। उनले पालिकाले स्वास्थ्यकर्मी राख्नेतर्फ कुनै पनि चासो नदिएको बताए । ग्रामीण क्षेत्रमा १२ महिना गाडी नगुड्ने भएकाले पनि अन्य ठाउँमा जान निकै समस्या भएको उनको भनाइ छ । 'हाम्रो वडामा गत वर्ष १५ लाख बजेटमा बर्थिङ सेन्टरका लागि भवन बनाइएको छ, तर जनशक्ति छैन, यहाँका सुत्केरी महिलाहरू वडा नम्बर १ को स्वास्थ्य चौकीमा जान्छन्, कोही अस्पताल जानुको साटो घरमै बच्चा जन्माउँछन्,' वडा अध्यक्ष विकले भने।

आफ्नै टोलमा प्रसूति सेवा केन्द्र भए सबैलाई दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउन सकिने एक स्थानीय महिला बताउँछिन् । तर प्रसूति सेवा केन्द्र निर्माण गरेको एक वर्ष बढी भइसके पनि अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । प्रसूति सेवा केन्द्र सञ्चालन नहुँदा यहाँका २ सयभन्दा बढी महिलाहरूले घरमै बच्चा जन्माएको तथ्यांक छ । यता गाउँपालिकाका अध्यक्ष बेदबहादुर शाहीले वडामा बर्थिङ सेन्टर सञ्चालनका लागि जिल्ला स्वास्थ्य कार्यालयबाट मान्यता लिनुपर्ने कार्यविधि रहेको बताउँदै प्रसूति सेवा केन्द्रले मान्यता नपाएको हुँदा बर्थिङ सेन्टर सञ्चालनमा नआएको स्वीकार गरे । उनले साबिकका ४ वटा वडामा मात्रै बर्थिङ सेन्टर भएको बताए । उनले यही चालु आर्थिक वर्षमै सकेसम्म सबै नभए २ वटा वडामा बर्थिङ सेन्टर सञ्चालन गर्ने प्रतिबद्धता जनाए। उनले बर्थिङ सेन्टर नभएका वडामा बर्थिङ सेन्टर सञ्चालन गर्नका लागि गत फागुन-चैतमा जिल्ला स्वास्थ्य कार्यालयलाई सिफारिस गरिएको जानकारी दिए। उनले भने, 'बर्थिङ सेन्टर नभएका ठाउँमा हामीले अनुगमन गरी गत फागुन-चैतमै स्वास्थ्य कार्यालय जाजरकोटलाई यी वडामा पनि बर्थिङ सेन्टर सञ्चालन गर्नुपर्ने भएकाले मान्यता उपलब्ध गराइदिनु भनेर सिफारिस गरिसकेका छौं । तर अहिलेसम्म केही जवाफ आएको छैन। बर्थिङ सेन्टर सञ्चालन गर्न जिल्ला स्वास्थ्य कार्यालयबाट मान्यता प्राप्त गर्नुपर्ने रहेछ। मान्यता प्राप्त गरेपछि स्वास्थ्य संस्थाले नै तालिम दिएर जनशक्ति खटाउने रहेछ, सायद यही वर्षमै सञ्चालन हुन्छ होला ।'

# नापी कार्यालय लहानका अमिन घुससहित पक्राउ

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, ६ भदौ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय लहानका अमिन दीपरञ्जन यादवलाई १० हजार घुस रकमसहित रंगेहात पक्राउ गरेको छ ।

अखितयार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले यादवलाई बुधबार नापी कार्यलयबाटै घुस रकमसहित नियन्त्रणमा लिएको हो ।

सेवाग्राहीसँग घुस लिइसकेको अवस्थामा उनी पक्राउ परेको अख्तियारले जनाएको छ। यादवले जग्गाधनी पुर्जा बनाउने क्रममा सेवाग्राहीसँग घुस लिएको अख्तियारले बताएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०७**

**जय गोरखकाली इन्जिनयरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७९/१२/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गोरख इंफ्रास्ट्रक्चर प्रा.लि. (प्रा.लि. नं.: ६०६००)** कायम गर्ने गरी मिति २०८०/१२/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०८/१५ मा दर्ता भएको **प्रा.लि. नं. ७८००९** को **बुद्ध टायर एण्ड मल्टिपर्पोज ट्रेनिङ्ग सेन्टर प्रा.लि.**को मिति २०८०/०५/०१ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com



## कुवेतमा रोजगार | कम्पनी: AL BAWABA AL EQLIMIYA GENERAL TRADING AND CONJTRACTING COMPANY शहर: KUWAIT

पूर्व स्वीकृत मितिः२०८०/०४/२६ चलानी नं.:६०२०५९९५ LT. No.:290813

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 200 | 0 | स. काममा दक्ष | 150 | ६४,४५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १४ देखि २८ गते सम्म ( 31 August to 14 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३७३/०५९/०६०
BAIBHAV OVERSEAS PVT. LTD.
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com



## जापानमा वैदेशिक रोजगारको अवसर

**JAPAN** मुलुकको एक बहु प्रतिष्ठित कम्पनी **JBM Cooperative** बाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

पूर्व स्वीकृत मितिः २०८०/०५/०५ चलानी नं.: ६०२०६६२६ LT. No.: 291410

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 3 | 0 | स. काममा दक्ष | 167790 | १५२,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० भदौ १४ गते (3

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००/-
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

श्रम इजाजत नं. ३४५/०५९/०६०
BHANDARI OVERSEAS PVT. LTD.
Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu
पो.ब.नं. १९६४१, फोन: ४६२२३१५, ४६२०८५८ Website: bhandarioverseas.com
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np



## मलेसियामा रोजगार | कम्पनी : OS SEAFOOD INDUSTRIES SDN BHD शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०५/०६ चलानी नं.: ६०२०६६४२ LT. No.: 291382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १४ गते (31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८६४/०६६/०६७
ब्लू ओसियन ओभरसिज प्रा. लि.
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४९५१७३२, ४९६५८२६, फ्याक्स: ४३६४५७३
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



## साउदीमा रोजगारको अवसर | कम्पनी: SEVENTY LAUNDRY शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०८०/०५/०५ चलानी नं.: ६०२०६६२७ LT. No.:291416

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १४ गते (31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1328/074/075
Excellent Manpower Services Pvt. Ltd.
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## मलेसियामा रोजगार | कम्पनी: PERCETAKAN U-TECH SDN BHD शहर: PINANG

पूर्व स्वीकृत मितिः २०८०/०५/०५ चलानी नं.: ६०२०६६१८ LT. No.: 291393

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १४ गते (31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. lic. No. 793/065/66
निलकमल ह्युमन रिसोर्स प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203 |



## कुवेतमा रोजगार | कम्पनी: LAMIR BEAUTY SALON FOR LADIES शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०५/०६ चलानी नं.: ६०२०६६४८ LT. No.: 291556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 25 | स. काममा दक्ष | 150 | ६४,४५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १४ गते (31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1061/073/74
Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com



## मलेसियामा रोजगार | कम्पनी: LUM MAH PLASTIC & PRINTING (M) SDN. BHD शहर: Melaka

पूर्व स्वीकृत मितिः २०८०/०५/०६ चलानी नं.: ६०२०६६३५ LT. No.: 291389

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १४ गते (31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1211/073/074
आशिर्वाद ओभरसिज प्रा.लि.
बसुन्धारा, काठमाडौं, नेपाल
www.aashirbadoverseas.com aashirbadovs@gmail.com
01- 4384630 | 4384094 | 4385038 9851067351 | 9851095529



## उज्यालो संपद बचत तथा ऋण सहकारी संस्था लि.

मुख्य कार्यालय : का.म.न.पा.-७, चाबहिल, काठमाडौं | फोन ०१-४५९०००६, ४५९२२२६
सदस्य सेवाकेन्द्र कार्यालयः गोकर्णेश्वर न.पा.-६, नारायणटार, काठमाडौं, फोन ०१-४९१४२८८, ४९११२७१
सदस्य सेवाकेन्द्र कार्यालयः कागेश्वरी मनोहरा न.पा.-४, ब्रह्मखेल | फोन ०१-४४५२१८६ Email: info@ujyalosampad.com.np

### बार्षिक साधारण सभा सम्बन्धी सूचना

यस उज्यालो संपद बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताबहरू उपर छलफल तथा निर्णयहरू गर्ने गरी हुने भएकोले सम्पूर्ण सदस्यज्यूहरूलाई अनिवार्य उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८० साल असोज ६ गते, शनिबार
समय : बिहान ११:०० बजे
स्थान : सूर्य इभेन्ट्स (सूर्य पार्टी प्यालेस), धुम्बाराहि, काठमाडौं

**सभामा प्रस्तुत हुने विषयहरुः**
१) संचालक समितिको तर्फबाट अध्यक्षद्वारा बार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२) कोषाध्यक्षद्वारा आर्थिक प्रतिवेदन तथा बजेट प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
३) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
४) लेखापरीक्षण प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
५) चालु आ.ब. २०८०।८१ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।
६) शेयर लाभांश तथा संरक्षित पूँजिफिर्ता कोष बितरण गर्ने सम्बन्धमा ।
७) संस्थाको आन्तरिक निति तथा कार्यबिधिहरु पारित गर्ने सम्बन्धमा ।
८) प्रमुख कार्यकारी अधिकृतको तलव भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।
९) निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१०) विविध ।

**संचालक समितिको आज्ञाले**
**सचिव**



## साउदीमा रोजगारको अवसर | कम्पनी: TECHNO RUBBER COMPANY LIMITED शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/०५/०६ चलानी नं.: ६०२०६६३७ L.T. No.: 291452

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: TECHNO RUBBER COMPANY LIMITED शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८०/०५/०६ चलानी नं.: ६०२०६६३८ L.T. No.: 291453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १४ गते (31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 141/055/056
AL NASEER OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 01-4116686,014566772,014566771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASTERN LAUNDRY TO WASH CLOTHES शहर : Saudi Arabia, Al jubail
पूर्व स्वीकृत मितिः २०८०/०५/०६ चलानी नं.: ६०२०६६३६ LT. No.: 291435

